## वस्तुगत प्रश्नोत्तर

**१. आनुवंशिक रूपमा परिमार्जित सुँगुरको मिर्गौला प्रत्यारोपण गरिएका पहिलो व्यक्ति को हुन् ?**

✍ रिचर्ड स्लेम्यान

- सन् २०२४ मार्च १६ मा उनलाई सुँगुरको मिर्गौला प्रत्यारोपण गरिएको थियो।
- सुँगुरको मिर्गौला प्रत्यारोपण गरेको दुई महिनामा उनको निधन भयो। उनको मृत्यु प्रत्यारोपणको परिणाम हो भन्ने यकिन नभएको चिकित्सकले जनाएका छन्।

**२. नेपाल र गणतन्त्र कोरियाका आरोही सम्मिलित आरोहण टोलीद्वारा जुगल–१ हिमालको आरोहण कहिले गरियो ?**

✍ विसं २०८१ वैशाख ७

- नेपाल र गणतन्त्र कोरियाबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको अवसर पारी सो आरोहण गरिएको हो।
- सो हिमालको उचाइ ६५९१ मिटर रहेको छ।
- जुगल हिमालमा विदेशी पर्वतारोहीले औपचारिक आरोहण गरेको यो पहिलो पटक हो।
- यसअघि २०७५ चैत २६ गते सगरमाथा आरोही माया गुरुङको नेतृत्वमा जुगल हिमशृङ्खला अन्तर्गतको ६,१२६ मिटर अग्लो ग्याल्जेन पिक र २०७७ कात्तिक ४ गते सगरमाथा आरोही शर्मिला लामाको नेतृत्वमा सात जनाको टोलीले ६,१५१ मिटर अग्लो जुगल हिमाल आरोहण गरेका थिए।

**३. नेपालको पहिलो महिला सचिव चन्द्रकला किरणको निधन कहिले भयो ?**

✍ विसं २०८१ वैशाख २० (९४ वर्षको उमेरमा)

- २०४१ सालमा सचिव बनेकी किरणले विभिन्न मन्त्रालयको सचिवका रूपमा काम गर्नुभएको थियो।
- उहाँ २०४६ सालमा सेवा निवृत्त हुनुभएको थियो।

**४. विश्व प्रेस स्वतन्त्रता दिवस कहिले मनाइन्छ ?**

✍ मे ३

- सन् २०२४ (३१ औँ) को नारा : विश्वका लागि प्रेस : वातावरणीय सङ्कटको सामनामा पत्रकारिता
- संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को आयोजनामा नामिबियाको विन्डहक सहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको सम्झनामा सन् १९९३ देखि संयुक्त

**१३. सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा आव २०८१/८२ को नीति तथा कार्यक्रम कहिले पेस गरियो ?**

✍ विसं २०८१ जेठ १

**प्रमुख प्रावधान**

- नागरिकमैत्री शासन प्रणाली स्थापना तथा भ्रष्टाचार नियन्त्रण
- सन्तुलित परराष्ट्र नीति, राष्ट्रिय स्वाभिमानको रक्षा,
- सङ्घीयता कार्यान्वियनसँग सम्बन्धित बाँकी कानुन निर्माण,
- राष्ट्रिय आवश्यकताका क्षेत्रमा वैदेशिक सहायता परिचालन,
- व्यावसायिक वातावरण निर्माण गरी बन्द उद्योग सञ्चालन,
- सहकारीको नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना,

**१४. इतिहासकार ज्ञानमणि नेपालको निधन कहिले भएको हो ?**



✍ विसं २०८१ जेठ १

- नेपाल प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ सदस्य रहिसक्नु भएका नेपालको इतिहासको खोज, अध्ययन र अनुसन्धानमा पछिल्लो समयमा समेत सक्रिय हुनुहुन्थ्यो।
- इतिहासकार नेपालका नेपाल निरूपण, नेपाल निरुक्त, नेपालको महाभारत, पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन,

जारी गरेको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसङ्घले यो दिवस मनाउने निर्णय गरेको हो।

**५. बारबरा फाउन्डेसनले खोजमूलक पत्रकारिता पुरस्कार–२०८१ कसलाई प्रदान गऱ्यो ?**

✍ प्रथम पुरस्कार : देवेन्द्र भट्टराई र मातृका दाहाल (राशि : रु. १६ लाख)
- द्वितीय पुरस्कार : दीपा दाहाल (राशि : रु. छ लाख)
- तृतीय पुरस्कार : रमेश कुमार (राशि : रु. तीन लाख)
- फाउन्डेसनले खोजमूलक रिपोर्ट प्रकाशित गर्ने चार जना पत्रकारलाई सो पुरस्कार प्रदान गरेको हो।
- २०७९ वैशाखदेखि २०८० चैतसम्म प्रकाशन/प्रसारणमा आएका अनुसन्धानपरक समाचार सामग्रीमध्येबाट उक्त पुरस्कार दिइएको फाउन्डेसनले जनाएको छ।

**६. पर्सा पूर्ण खोपयुक्त जिल्ला घोषणा कहिले भएको हो ?**

✍ विसं २०८१ वैशाख ३
- पर्सामा पूर्ण खोपयुक्त कार्यक्रम २०७३ वैशाखबाट थालिएको थियो।
- अब मधेश प्रदेशका आठमध्ये रौतहट, धनुषा र महोत्तरी पूर्ण खोपयुक्त जिल्ला घोषणा हुन बाँकी छन्।

**७. भिक्टोरिया फल्स कुन कुन देशको सीमामा पर्छ ?**

✍ जिम्बाबे र जाम्बिया

**८. सन् २०२४ जनवरीमा जर्जियामा सम्पन्न वर्ल्ड राइजिङ स्टार २०२४ को शीर्ष उपाधि जित्न सफल नेपाली बालप्रतिभा को हुनुहुन्छ ?**

✍ लोयाङ शेर्पा
- कपनको त्रिज्योति स्कुलमा कक्षा ७ मा अध्ययनरत लोयाङले ४० देशका बालबालिकालाई पछि पार्दै शीर्ष उपाधि जित्नुभएको हो।
- प्रतियोगितामा सहभागी एन्जल बाबु कडेलले 'ट्यालेन्ट अवार्ड' र सनिस्ता रेग्मीले 'युरोसिया अवार्ड' जित्नुभएको थियो।

**९. जगदुल्ला जलविद्युत् आयोजनाको उत्पादन क्षमता कति रहेको छ ?**

✍ २१०६ मेवा
- अर्धजलाशययुक्त यो जलविद्युत् आयोजना डोल्पा जिल्लामा रहेको छ।
- निर्माणमा जान लागेको कर्णाली प्रदेशकै ठुलो आयोजना हो।
- तीनै तहको सरकारको लगानी हुने पहिलो आयोजना हो।

नेपालको महाभारत, पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन, पुराना कवितालगायत दुई दर्जन कृति प्रकाशित छन्।
- उहाँको जन्म विसं १९८९ माघ शुक्ल पञ्चमीमा भोजपुरमा भएको हो।

**१५. नेपाल विद्युत् प्राधिकरणका अनुसार हाल विद्युत्को जडित क्षमता कति रहेको छ ?**

✍ ३०९३ मेगावाट

**१६. सरकारले सेनाको व्यवस्थापनमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयमा नेसनल कोर्स (एनडिसी) कहिलेदेखि सुरु गर्ने भएको छ ?**

✍ विसं २०८३
- सोका लागि भौतिक पूर्वाधार निर्माण, पाठ्यक्रम तर्जुमाको कार्यलगायत सबै पक्षमा कार्य भइरहेको जनाइएको छ।
- २०८१ देखि नेसनल डिफेन्स कोर्स (एनडिसी) सुरु गर्ने भनिए पनि कोरोना र बजेटलगायत कारण एनडिसी कोर्स सञ्चालन कार्य दुई वर्षपछि धकेलिएको छ।
- नेपालमा यो कोर्स पहिलो पटक सञ्चालनमा ल्याउन थालिएको हो, जसमा सहायक रथी दर्जाका सैनिक अधिकृतले अध्ययनको मौका पाउँछन् । सहायक रथीबाट उपरथीमा बढुवाका लागि एनडिसी कोर्स अनिवार्य रहेको छ।
- सरकारले २०७६ फागुन १२ मा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ जारी गरेपश्चात् पूर्वाधारको कार्य सुरु भएको थियो।
- राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षा सम्बन्धमा आवश्यक नीति एवं रणनीति तर्जुमा गर्ने, गहन खोज तथा अनुसन्धान एवं विश्लेषण गरी राष्ट्रिय सुरक्षालाई सुदृढ र समसामयिक बनाउन योगदान दिन सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित विश्वविद्यालय स्थापना भएको हो।
- सुरुमा एनडिसी सेनाका लागि मात्रै हुने र बिस्तारै निजामती सेवा तथा अन्य सुरक्षा निकायका अधिकृतलाई पनि राष्ट्रिय सुरक्षासम्बन्धी उच्च शिक्षा दिने लक्ष्य राखिएको सेनाले जनाएको छ।
- काभ्रेपलाञ्चोक जिल्लास्थित बनेपा नगरपालिकाको पेरुङ्गे डाँडामा सात सय पचास रोपनी जग्गामा विश्वविद्यालयको पूर्वाधार निर्माण भइरहेको छ।

**१७. भुटानको संसद्लाई शोङ्दु भनिन्छ भने माल्दिभ्सको संसद्लाई के भनिन्छ ?**

✍ मजलिस

**१०. बद्रीकृष्ण वाङ्मय पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

✍ प्राडा महादेव अवस्थी

- सुदूरपश्चिम साहित्य समाजले प्रदान गरेको यस पुरस्कारको राशि १,११,१११।- रुपियाँ रहेको छ।
- त्यस्तै, प्रभास राज्यलक्ष्मी कृति पुरस्कार-२०८० (राशि : रु. १,११,१११।-) यज्ञराज उपाध्याय (अछाम) लाई प्रदान गरिएको छ। जनकपुरका प्राडा राजेन्द्र विमललाई सोही राशिको प्रभास राज्यलक्ष्मी कृति पुरस्कार-२०७९ प्रदान गरिएको छ।

**११. राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान २०८१ कसलाई प्रदान गरियो ?**

✍ विदुर गिरी (नेपाल समाचारपत्र)

- पुरस्कार राशि रु. ५५,५५५।- रहेको छ।

**सम्मानित व्यक्तित्वहरू :**

- राष्ट्रिय चलचित्र पत्रकारिता रजत सम्मान : विदुर गिरी (राशि : रु. ५५,५५५।-)
- राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान : कृष्ण भट्टराई र राज श्रेष्ठ (राशि : जनही रु. ५१,०००।-)
- राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार : सुरज खड्का र अशेष अधिकारी (राशि : जनही रु. ५१,०००।-)
- मोफसल चलचित्र पत्रकारिता पुरस्कार : शिव पुन (राशि : रु. २५,०००।-)
- राष्ट्रिय चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कार : मदन रिजाल (राशि : रु. २५,०००।-)
- सङ्घले चलचित्र पत्रकारिता दिवसको अवसर पारी जेठ ७ गते ती पुरस्कार र सम्मान प्रदान गरेको हो।

**१२. दक्षिण एसियाका लागि युनिसेफको क्षेत्रीय कार्यालय कहाँ रहेको छ ?**

✍ नेपाल

**पालामा भएका घटना हुन् ?**

✍ राजेन्द्र विक्रम शाह

**१९. विश्वकै ठुलो पानीजहाज कुन हो ?**

✍ आइकन अफ दि सिज



- सन् २०२४ जनवरी २८ देखि यो जहाज सञ्चालनमा आएको हो।
- एक हजार १९७ फिट लम्बाइ भएको यो पानीजहाज २० तलायुक्त रहेको छ।
- जहाजमा एक पटकमा सात हजार छ सय यात्रुले यात्रा गर्न सक्छन्।
- रोयल क्यारेबियन ग्रुपको यो जहाजमा ४० वटा रेष्टुरेन्ट र बार, सात वटा स्विमिङ पुल तथा एउटा वाटरपार्क रहेका छन्।
- सुरक्षाका लागि जहाजमा करिब १७ वटा लाइफबोट राखिएको, एक लाइफबोटमा करिब ४५० मानिस अट्ने दाबी कम्पनीले गरेको छ।
- फ्लोडियाको मायामीमा जहाजको उद्घाटन गरिएको हो।

**२०. नेपालले कुन आवधिक योजनादेखि वैदेशिक सहयोग लिन सुरु गरेको हो ?**

✍ प्रथम पञ्चवर्षीय योजना

**प्रस्तुतकर्ता : टङ्क केसी**